bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक




हाम्रो सेवा डुम्रे र आँवुखैरेनीमा

प्रो. क्रमश श्रेष्ठ

खड्गमाई मोटर्स

बन्दीपुर-१, डुम्रे, तनहुँ ।

फोन : ०६५-५८०२५९ ९८४३३५३९१६



# आलुमा आत्मनिर्भर बनाउने अभियान : कृषकलाई अनुदानमा बीउ वितरण

♦ भञ्ज्याङ समाचारदाता (दमौली)

तनहुँ जिल्लालाई आलुमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ तनहुँका विभिन्न स्थानीय पालिकाहरूले कृषकलाई अनुदानमा आलुको बीउ वितरण गरेका छन्। निर्वाहमुखी खेती प्रणलीको अन्त्य गरी व्यवसायिक र सामुहिक खेती तर्फ कृषकलाई आकर्षित गर्ने उद्देश्य सहित जिल्लाको व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, म्याग्दे, आँवुखैरेनी, बन्दीपुर गाउँपालिका लगायतका पालिकाहरूले कृषकलाई ५० प्रतिशतसम्म अनुदानमा आलेको बीउ उपलब्ध गराएका छन् । जिल्लाको व्यास नगरपालिकाले जिल्लाका विभिन्न कृषक समूहलाई आलुको बीउ वितरण गरेको छ । बीउ आलुमा आत्मनिर्भर बनाउने उद्देश्यसहित नगरपालिकाले साढे नौ टन आलुको बीउ वितरण गरेको नगरपालिकाले जनाएको छ ।

काभ्रेबाट जनकदेव र डिजिरे आलुको बीउ ल्याएर कृषक समूहमार्फत वितरण गरिएको नगरपालिकाका कृषि शाखा प्रमुख विश्वराज वाग्लेले बताएका छन्। निर्वाहमुखी खेती प्रणालीको अन्त्य गरी सामूहिक खेतीमा किसानलाई प्रोत्साहन गर्न आलुको बीउ वितरण गरिएको उनले बताए ।

हरेक वर्ष बाहिरी जिल्लाबाट बीउ ल्याएर वितरण गर्नुभन्दा पनि नगरपालिकाभित्रै आलुको बीउ उत्पादनका लागि ११ वटा समूहलाई बीउ वितरण गरिएको छ । सधैँ बाहिरी जिल्लाबाट ल्याएर वितरण गर्दा आत्मनिर्भर बनाउन सकिएन, अब नगरपालिकाभित्रै आलुको बीउ उत्पादन गर्ने र यही उत्पादन भएको बीउ कृषकलाई वितरण गर्ने लक्ष्य नगरपालिकाले लिएको वाग्लेले बताए ।



नगरपालिकाले अहिले वितरण गरेको आलुको बीउ उत्पादन भएपछि पहिलो पटक बिक्री गर्न पाइँदैन । उत्पादित आलुलाई चिस्यान केन्द्रमा राखेर अर्को वर्ष मात्रै वितरणका लागि तयारी गरिएको छ। 'बीउका लागि उत्पादन भएको आलु पहिलो पटक खानका लागि प्रयोग हुँदैन, उक्त आलु नगर क्षेत्रभित्रका अन्य कृषकलाई वितरण गर्छौं", वाग्लेले बताए ।

बीउ उत्पादनका लागि व्यास-५ स्थित सिन्धु सहकारी र हरियाली कृषक समूहलाई ३०/३० क्विन्टल आलु वितरण गरिएको छ। हरियाली कृषक समूहका अध्यक्ष रविचन्द्र आचार्यले समूहमार्फत १० रोपनी क्षेत्रफलमा आलुको बीउ लगाउने तयारी गरिएको जानकारी गराए । उनले भने, 'यसअघि सहकारीका सदस्यलाई मात्रै आलुको बीउ उत्पादन गर्ने गरेका थियौ, अब अन्य कृषकलाई पनि लक्षित गरी आलुको बीउ उत्पादनका लागि नगरपालिकाले बीउ उपलब्ध गराएको छ ।'

नगरपालिकाले खाने आलु वितरणका लागि भने वडा कार्यालयलाई जिम्मा दिएको छ । कृषकलाई वितरणका लागि दुई पटकसम्म बोलपत्र आह्वान गरे पनि कसैले बोलपत्र नभरेका कारण वडा कार्यालयमार्फत नै आलुको बीउ वितरणको जिम्मा दिइएको कृषि शाखाले जनाएको छ ।

नगरपालिकामा करिब ६०० रोपनी क्षेत्रफलमा आलुखेती हुने गरेको छ । आलुमा अनुदान दिन थालिएपछि यहाँका कृषक यसतर्फ आकर्षित हुँदै गइरहेका छन् ।

त्यस्तै, आलुको उत्पादन बढाएर किसानलाई आत्मनिर्भर बनाउन तनहुँको शुक्लागण्डकी नगरपालिकाले वडा नं. ८ का किसानलाई ५० प्रतिशत अनुदानमा ३० हजार २०० किलो जनकदेव र एमएस ४२ जातको आलुको बीउ वितरण गरिएको नगरपालिकाको कृषि शाखाले जनाएको छ ।

'एक वडा एक उत्पादन' कार्यक्रम सञ्चालन गरिरहेको शुक्लागण्डकीले ८ नम्बर वडामा आलु उत्पादनको कार्यक्रम छ। उक्त कार्यक्रमलाई सघाउन संघीय सरकारले यो वर्षदेखि साझेदारीमा राष्ट्रिय मसला तथा आलु बाली विकास कार्यक्रम अन्तर्गत आलु पकेट कार्यक्रम सञ्चालनार्थ २४ लाख रूपैयाँ बजेट पठाएको कृषि तथा आर्थिक विकास शाखा प्रमुख नवराज पण्डितले बताए । कृषकले साढे १६ लाख व्यहोर्ने गरी ४१ लाख रूपैयाँको कार्यक्रम शुरू भएको उनले बताए।

'बीउबिजनको लागि कृषकसँग ५० प्रतिशत साझेदारी भएको छ', पण्डितले भने, 'तालीम र प्राविधिक

बाँकी तेश्रो पेजमा

# मुलुकको समृद्धिको आधार भूमि श्रोत : मन्त्री अर्याल

## तनहुँका ६ सहित ३८ पालिकाको जग्गा व्यवस्थापन समझदारी पत्रमा हस्ताक्षर

♦भञ्ज्याङ समाचारदाता (पोखरा)

भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्मा अर्यालले मुलुकको समृद्धिको आधार भूमि श्रोत भएको बताउनु भएको छ । भूमि सम्वन्धी समस्या समाधान आयोगको आयोजना पोखरामा आयोजित गण्डकी प्रदेश स्तरीय भूमि सम्वन्धीसमस्या समाधान आयोग र स्थानीय तहका पदाधिकारी बीच गर्दै कृषि उत्पादकत्व वृद्धि गरि समृद्धिका कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो ।

"समस्याकारूपमा रहेको अव्यवस्थित र भूमिहिन सुकुम्वासी समस्या समाधानका लागि पहिलो प्राथमिकतामा राखेर बैज्ञानिक भूमि व्यवस्थापन गरिने छ" उहाँले भन्नुभयो, त्यसका लागि सहकारी मोडल, भूमि बैकको स्थापना गर्नुका साथै बाँझो जमिन राख्न नपाईने




भूमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूको व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी समस्या समाधान आयोग र बन्दीपुर गाउँपालिकाबीच समझदारी पत्रमा हस्ताक्षर गरिदै । तनहुँका व्यास, भानु, शुक्लागण्डकी, भिमाद नगरपालिका र बन्दिपुर, देवघाट गाउँपालिका सहित गण्डकी प्रदेशका ३८ वटा पालिकाले समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । *तस्विर : भञ्ज्याङ*

हुने समझदारी पत्रमा हस्ताक्षर र अभिमुखीकरण कार्यक्रममा उहाँले भूमिको अधिकतम उपयोग गरि उत्पादनसंग जोडिने बताउनुभयो। वैज्ञानिक भूमि सुधार व्यवस्थापनका लागि भूपयोग कानून निर्माण गरेर नयाँ जमिनको वर्गीकरण गरिने बताउँदै मन्त्री अर्यालले प्राकृतिक श्रोत साधनको अधिकताम उपयोग व्यवस्था गरिने छ ।" भूमि तथा भूउपयोग ऐनमार्फत भूमिको नयाँ व्यवस्थापन गरिने बताउँदै उहाँले यसबाट जागिरे मानसिकतालाई तोडदै व्यवसायि मानसिकताको विकास हुने विश्वास व्यक्त गर्नुभयो। निर्वाचनमा सवै राजनैतिक दलका घोषणापत्र सुकुम्वासी एवं

बाँकी अन्तिम पेजमा

# नेकपा विवाद : स्थायी कमिटीमा संकट समाधानको सूत्र खोजिंदै

♦ प्रकाश सिलवाल (काठमाडौं)

विश्व मानव समाज कोभिड-१९ को त्रासमा परिरहेका बेला सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शीर्ष नेताहरूको अन्तरविरोधले राजनीतिक चासो बढाएको छ । आज आइतबार बस्ने नेकपा स्थायी कमिटीको बैठकमा पार्टीभित्रको अन्तरविरोध र संकटको समाधानबारे छलफल हुने भनिए पनि निकासका लागि भइरहेका अनौपचारिक गृहकार्य पर्याप्त भएका छैनन् । स्थायी कमिटीको बैठक लम्बिएका कारण पूर्व निर्धारित यही मंसिर २५ गते बस्ने भनिएको केन्द्रीय कमिटीको बैठक आगामी पुस ५ गतेका लागि सारिएको छ ।

सो पार्टीको पछिल्लो सचिवालय बैठकले पार्टीभित्र उत्पन्न संकट समाधानका लागि दुवै अध्यक्षले प्रस्तुत गर्नुभएको प्रतिवेदन (पत्र) स्थायी कमिटीमा लाने निर्णय गरेको थियो । यही मंसिर १३ गतेको बैठकमा प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गर्नुभएको लिखित जवाफ र त्यसअघि गत कात्तिक २८ गतेको बैठकमा अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रस्तुत गर्नुभएको लिखित प्रस्तावपत्रका सम्बन्धमा शीर्ष नेताहरूबीच विवाद हुँदै आएको छ।

नेकपाभित्र मन्त्रिपरिषद्मा हेरफेर, राजदूत नियुक्ति, पार्टीको कर्णाली प्रदेशको विवाद, तराईका केही जिल्लाका कार्याकर्ताबीचको दोहोरो झडप, प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका विशेष दूत भई नेपाल आएका भारतीय गुप्तचर संस्था 'रअ'का प्रमुख सामन्त गोयलसँग गरेको भेटवार्ता आदिबारे विवाद उत्पन्न भई अध्यक्षद्वयबीच लिखित आरोप-प्रत्यारोपपत्रको क्रम चलेको छ ।




शीर्ष नेताहरूको विवाद मिलाउन स्थायी कमिटी र केन्द्रीय कमिटीका सदस्य कतिसम्म सफल हुन्छन् भन्ने चासो पनि देखिएको छ ।

सो पार्टीका स्थायी कमिटी सदस्य गोकर्णराज विष्टले पार्टीलाई कुनै पनि हालतमा विभाजनको स्थितिमा लान नहुने भन्दै शीर्ष नेताबीचको आपसी मनमुटाव र टकराव हुनु तथा समग्र पार्टीका नेता-कार्यकर्ताको सही व्यवस्थापन नुहुनले समस्या उत्पन्न भएकाले दुई अध्यक्षको सहमतिमा मात्रै नभई पार्टीको विधान, विधि र पद्धतिका आधारमा हुने संस्थागत निर्णयले समाधान दिने बताउनुभयो । राससस‌ँग कुरा

बाँकी अन्तिम पेजमा

ग्रिनरी भानु सप्लायर्स




एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक विक्रेता

व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
सम्पर्क: ०६५-५६२६८७, ९८५६०६०३४७

सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला



# कोरोनाभाइरस : विश्वव्यापी कहरको एक वर्ष, अझै थाहा छैन के हुने हो ?

## खोपले जगाएको विशाल आशा, तर अझै ढुक्क भइहाल्ने स्थिति बनिसकेको छैन !

संसारलाई स्तब्ध र अस्तव्यस्त बनाएको कोरोनाभाइरसको नयाँ प्रजाति सार्स–कोभ–२ को प्रकोप अझै टरेको छैन । आजभन्दा करिब १ वर्षअघि, जाडो मौसममा चीनका ऊहान प्रदेशबाट देखापरेको यो भाइरसको प्रकोप गर्मी लाग्दै जाँदा कम भएर जाने अनुमान विश्व वैज्ञानिकहरूले गरेका थिए । तर त्यस्तो भएन । उल्टै यो भाइरसको प्रकोप बढ्दै गएर यतिखेर संसारभरि जनालाई संक्रमित तुल्याइसकेको छ भने जनाको ज्यान लिइसकेको छ । हो, यो भाइरसको घातकता वा ज्यानै लिने दर कम छ, नयाँ भाइरस भइकन पनि यसबाट संक्रमित हुनेहरू ठूलो संख्यामा निको पनि भएका छन् । तर खतरनाक र डरलाग्दो कुरा नै के हो भने यो भाइरसको संक्रमण दर अति उच्च छ । त्यसमाथि थप, यो भाइरस, यसका प्रकृति र यसले गर्ने दीर्घकालीन स्वास्थ्य असरहरूका बारेमा अझै पनि वैज्ञानिक जगत् ढुक्क भइसकेका छैनन्। अर्कोतिर यो भाइरसकै कारण यतिखेर विश्वको अर्थव्यवस्था आघातित भएको छ, सम्पूर्ण गतिविधिहरू ठप्प भएको छ । यी पक्षहरूभन्दा अलग, सबैभन्दा मुख्य कुरा त के छ भने, यो भाइरसको कहर कहिले थामिएला भन्ने नै हो, जसको उत्तर अझैसम्म वैज्ञानिकहरूले दिन सकिरहेका छैनन् ।

यो भाइरसको संक्रमणका विरूद्ध केही आशालाग्दा खोपहरू तयार भएका छन्, भलै ती सबै खोपहरू आपतकालीन आधारमा तयार भएका छन्, तिनका दीर्घकालीन प्रभाव र असरहरूबारे थाहा पाउन अझै बाँकी नै छ । यी खोपहरूको प्रयोगबाट महामारीको तीब्र फैलावटमा पूरै ब्रेक लाग्ला, नलाग्ला, त्यो भविष्यले नै बताउने छ । यो चाहिँ निश्चित हो, खोपहरूको व्यापक प्रयोग हुँदै जाँदा त्यसको संक्रमण दरमा अवश्य पनि कमी आउने नै छ । तर सबैभन्दा महत्वपूर्ण र वैज्ञानिकहरूले ठोकुवा गरेर अझै भन्न नसकेको विषय भनेको नै यो भाइरसको कहर कहिले थामिएला? यसमाथि विज्ञानजगतले कहिले विजय प्राप्त गर्ला भन्ने नै हो। नववर्षको पूर्व सन्ध्यामा चीनको ऊहानमा फैलिएको रहस्यमय विरामीका बारेमा चीनले विश्व बैंकलाई जानकारी दियो । त्यसबेला कमै मानिसले मात्रै सोचेका थिए कि चीनको ऊहानस्थित मासु बजारमा देखापरेर केही व्यक्तिलाई संक्रमित तुल्याएको यो रहस्यमय रोगले चाँडै नै विश्वलाई ग्रसित तुल्याउँछ भनेर । तर भयो नै त्यही चीनको ऊहानबाट शुरू भएको त्यो रहस्यमय विरामीले औपचारिक पहिचान पाएको छ– कोभिड–१९ र त्यसलाई लगाउने भाइरसको नाम चाहिँ सार्स–कोभ–२ । आउनुहोस्, विगत १ वर्षमा यो भाइरसले के कस्ता वितण्डाहरू मच्चाएर त्यसलाई रोकथाम एवं नियन्त्रण गर्न के कस्ता कामहरू भइरहेका छन् भन्नेबारे संक्षिप्तमा जानकारी लिऔं।

**डिसेम्बर ३१, २०१९ :** चीनले आफ्नो हुवेई प्रान्तको राजधानी ऊहान स्थित मासु बजारमा देखापरेको निमोनिया जस्तो लक्षण भएको रहस्यमय रोगबारे औपचारिक रूपमा विश्व स्वास्थ्य संगठनलाई जानकारी गरायो ।

**जनवरी ९, २०२० :** चीनमा देखिएको त्यो निमोनिया जस्तो रोगको कारण नयाँ खालको कोरोनाभाइरस भएको विश्व स्वास्थ्य संगठनले घोषणा गर्यो ।

**जनवरी १० :** वैज्ञानिकहरूले उक्त भाइरसको पूर्ण जनेटिक ब्लुप्रिन्ट सार्वजनिक गर्यो।

**जनवरी १३ :** चीनभन्दा बाहिर सो रोगको संक्रमण पहिलो पटक थाइल्याण्डमा देखापर्यो । त्यसको १ हप्ताभित्रमै क्रमशः सो रोग जापान र दक्षिण कोरियामा पनि देखापर्यो ।

**जनवरी २१ :** अमेरिकाको वाशिंगटनमा पनि पहिलो पटक कोरोनाभाइरस संक्रमित देखापर्यो। वैज्ञानिकहरूले उक्त भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्ने घोषणा गरे । विगत ३–४ दिनदेखि रूघाखोकी र उच्च ज्वरोले सताएपछि ती ३५ वर्षे व्यक्तिलाई स्नोहोमिस काउन्टीको आपतकालीन स्याहार केन्द्रमा ल्याइएको थियो । उनी जनवरी १५ मा चीनको ऊहानबाट फर्केका थिए ।

**जनवरी २३ :** भाइरसको संक्रमण फैलिन नदिनको लागि ऊहानमा लकडाउन गरियो ।

**जनवरी २४ :** युरोपमा कोरोनाभाइरस संक्रमणको पहिलो केस फ्रान्समा देखापर्यो ।

**जनवरी २५ :** अस्ट्रेलियामा पनि कोरोनाभाइरसको पहिलो केस देखापर्यो ।

**जनवरी ३० :** लक्षण नदेखिए कोरोनाभाइरसका संक्रमितबाट पनि अन्यलाई सर्न सक्ने वैज्ञानिकहरूले जानकारी दिए ।

**फेब्रुअरी ३ :** जापानमा डायमण्ड प्रिन्सेस नाम गरेको क्रुज जहाजलाई कोरोनाभाइरस संक्रमित बोकको आशंकामा क्वारेन्टाइन गरियो। त्यसमा सवार ३७११ जनामध्ये ७१२ मा कोरोनाभाइरस संक्रमण रहेको पुष्टि भयो । मध्य मार्चसम्ममा अमेरिकामा देखापरेका ज्ञात केसहरूमध्येमा क्रुज जहाजमा यात्रा गर्नेहरू १७ प्रतिशत थिए ।

**फेब्रुअरी ५ :** अमेरिकाको सेन्टर्स फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्ससले कोभिड–१९ परीक्षण कीट जारी गर्यो । तर उक्त कीट दोषपूर्ण रहेको र त्यसले व्यापक रूपमा भाइरस संक्रमितको पहिचान गर्ने कामलाई ढिलो तुल्याइएदिएको आरोप पनि लाग्यो ।

**फेब्रुअरी ११ :** अहिलेसम्म यो रहस्यमय रोग लगाउने भाइरसको नाम नोबेल कोरोना भाइरस भनिँदै आएकोमा भाइरसविदहरूले यसको नामाकारण सिभियर एक्युट रेस्पिरेटोरी सिन्ड्रोम कोरोनाभाइरस २ (severe acute respiratory syndrome coronavirus 2) राखे। त्यसैलाई छोटकरीमा सार्स–कोभ–२ (SARS-CoV-2) पनि भनियो । यस नामकरणका पछाडि यो नयाँ भाइरस २००२–२००३ मा हंगकंग र त्यसवरिपरिका क्षेत्रमा सार्स महामारी फैलाउने भाइरससँग मिल्दोजुल्दो थियो। साथै सार्स–कोभ–२ का कारण हुने रोगलाई कोभिड–१९ नामाकरण गरियो।

**फेब्रुअरी १४ :** इजिप्टमा पहिलो पटक कोरोनाभाइरस संक्रमित देखापरे । यो अफ्रिका महादेशमै कोरोनासंक्रमणको पहिलो केस थियो ।

**फेब्रुअरी १९ :** इरानको कोम शहरमा कोरोना संक्रमित देखापरे । चीनको ऊहानबाट फर्केका व्यापारीमा त्यो संक्रमण देखिएको थियो। कोरोनाभाइरसको सम्भवित जोखिमलाई ध्यानमा राख्दै जनवरी ३१ देखि नै इरानले चीनबाट आउने सबै उडानहरूमा रोक लगाइसकेको थियो।

**फेब्रुअरी २६ :** ब्राजिलमा पनि कोरोनाभाइरस संक्रमित देखापरे । यो दक्षिण अमेरिकाको पहिलो केस थियो ।

**मार्च ९ :** इटालीमा राष्ट्रव्यापी लकडाउन शुरू । त्यसको १० दिनमा इटालीमा १९ जनाको मृत्यु र संक्रमितको संख्या ३४०० नाघ्यो । मृतकको संख्यामा इटालीले कोरोनाभाइरसको उद्गम देश चीनलाई उछिन्यो ।

**मार्च १० :** सांगीतिक अभ्यासका लागि वाशिंगटन राज्यमा भेला भएका एक समूहका ८० प्रतिशतमा कोरोना संक्रमण देखापर्यो । त्यस आधारमा कोरोनाभाइरस हावाको माध्यमबाट पनि सर्न सक्छ भन्ने आशंका गरियो ।

**मार्च ११ :** विश्व स्वास्थ्य संगठनले कोरोनासंक्रमणलाई वैश्विक महामारी घोषणा गर्यो। यतिन्जेल कोरोनाभाइरसको संक्रमण ११४ देशहरूमा फैलिइसकेको थियो भने ४००० जनाको ज्यान लिँदै १ लाख २० हजार जनालाई संक्रमित तुल्याइसकेको थियो ।

**मार्च १६ :** यसबीच कोरोनाभाइरसविरूद्ध खोप निर्माणको तयारीमा विश्व जुटिसकेको थियो। आजैको दिन अमेरिका र चीनमा खोपको सुरक्षा परिक्षण शुरू भयो ।

**मार्च १७ :** यतिन्जेल कोरोनाभाइरस प्राकृतिक नभई ल्याबमा निर्माण गरिएको हो भन्ने 'षड्यन्त्रको सिद्धान्त' (कन्स्पिरेसी थ्योरी) व्यापक भइसकेको थियो । यो स्थितिबीच एउटा अध्ययनले भाइरस ल्याबमा बनाइएको नभई प्राकृतिक रहेको उल्लेख गर्यो । त्यसमा पनि भाइरसको मुख्य स्रोत चमेरो हुन सक्ने जनाइयो ।

**मार्च १९ :** कोरोनाभाइरसको संक्रमण व्यापक हुँदै जाँदा अमेरिकाको क्यालिफोर्नियामा राज्यव्यापी घरमै बस्नुपर्ने आदेश जारी गरियो ।

**मार्च २७ :** अमेरिकाव्यापी कोरोनाभाइरस संक्रमितको संख्याले १ लाख नाघ्यो । विश्वका सबैभन्दा बढी संक्रमित रहेको देशमा अमेरिका दरियो । चीनको ऊहानबाट शुरू भएको कोरोनाको नयाँ केन्द्रबिन्दू अमेरिका बनेर आयो ।




**मार्च २८ :** अमेरिकाको फुड एण्ड ड्रग एड्मिनिस्ट्रेसन (एफडीए)ले मलेरियाको उपचारमा प्रयोग हुने औषधी हाइड्रोक्लोरोक्विनलाई अस्तालमा भर्ना भएका कोरोनाका विरामीमा आपतकालीन प्रयोग गर्न अनुमति दियो ।

**अप्रिल २ :** संसाभरि कोरोना संक्रमितको संख्या १० लाख पुग्यो । यतिन्जेल ५३ हजार बढी मानिसको मृत्यु कोरोनाकै कारण भइसकेको थियो।

**अप्रिल ३ :** कोरोनाभाइरस हावाको माध्यमबाट सर्न सक्ने अध्ययनले देखायो । साथै, कोरोना संक्रमित तर लक्षण देखानपरेको व्यक्तिबाट पनि संक्रमण सर्ने जनाउँदै अमेरिकाको सेन्टर्स फर डिजिट कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी)ले सार्वजनिक स्थानहरूमा मुख ढाक्न (मास्क लगाउन) सिफारिश गर्यो ।

**अप्रिल ११ :** अमेरिकामा कोरोनाको कारण मर्नेहरूको सख्या २० हजार पुग्यो । यसअघि सबैभन्दा बढी मर्नेहरूको संख्या इटालीमा थियो।

**अप्रिल २८ :** अमेरिकामा कोरोना संक्रमितको संख्या १० लाख पुग्यो ।

**मे १ :** अमेरिकाको एफडीएले आपतकालीन रूपमा कोरोनाको उपचारमा रेम्डेसिभिरको प्रयाग गर्न अनुमति दियो । कोरोना संक्रमितहरूलाई यो औषधीले फाइदा गरेको र उनीहरूको अस्पताल बसाइ छोटिएको अध्ययन नतिजाको आधारमा त्यो अनुमति प्रदान गरिएको थियो ।

**मे १४ :** कोरोना संक्रमणले बच्चाहरूमा 'मल्टिसिस्टम इन्फ्लेमेटोरी सिन्ड्रोम' देखापरेको बारे अमेरिकाको सीडीसीले एक चेतावनी जारी गर्यो ।

**जुन १५ :** कोरोना संक्रमितको उपचारमा हाइड्रोक्लोरोक्विन खासै प्रभावकारी नभएको विभिन्न अध्ययनहरूले देखायो। फलतः अमेरिकाको एफडीएले उक्त औषधीको आपतकालीन प्रयोग गर्न दिएको अनुमतिलाई खारेज गर्यो ।

**जुन १६ :** डेक्सामेथासोन नाम गरेको स्टेरोइड औषधीले अक्सिजन वा श्वासप्रश्वास सम्बन्धी उपकरणको जररूत पर्ने विरामीहरूमा कोभिड–१९ को कारण हुने मृत्युदर घटाउने देखियो।

**जुन २५ :** चीनले आफूले निर्माण गरेको कोरोनाविरूद्धको खोप सेनामा प्रयोग गर्न स्वीकृति दियो । चीनले सो खोपबारेको सुरक्षा र प्रभावकारिताको परीक्षण सफल भएपछि त्यो कदम चालेको जनाएको थियो ।

**जुन २८ :** संसारभरि संक्रमितको संख्या १ करोड पुग्यो । यतिन्जेल यसैको कारण मृत्यु हुनेहरूको संख्या ५ लाख पुग्यो ।

**जुलाइ १० :** रेम्डेसिभिर औषधीका निर्माता कम्पनी गिलेड साइन्सेसले उक्त औषधीले कोभिड–१९ का कारण हुने मृत्यु घटाउने दावी गर्यो ।

**जुलाइ २७ :** कोरोनाका विरूद्ध खोप निर्माणमा जुटेका औषधी कम्पनीहरू फाइजर र मोर्डनाले आफ्नो खोपका पछिल्लो चरणको क्लिनिकल परीक्षण गर्नको लागि दशौं हजार स्वयंसेवकहरूलाई छनौट गर्यो ।

**अगस्त ११ :** रूसी राष्ट्रपतिद्वारा रूसले निर्माण गरेको कोरोनाविरूद्धको खोप स्पुत्निक पाँचौ सर्वसाधारणका लागि उपलब्ध हुने घोषणा। यद्यपि उक्त खोपको सम्पूर्ण चरणको परीक्षणहरू सम्पन्न भइसकेको थिएन ।

**अगस्त २७ :** अमेरिकाको नर्थ क्यालोलिना विश्वविद्यालयद्वारा क्याम्पसहरूमा संक्रमण बढेको जनाउँदै अनलाइन कक्षा शुरू ।

**अगस्त २३ :** अमेरिकाको एफडीएद्वारा प्लाज्मा थेरापीबाट कोरोना संक्रमितको उपचारलाई अनुमति प्रदान यतिन्जेलसम्म कोरोना संक्रमणबाट निको भएकाबाट लिइएको रगतबाट निकालिएको प्लाज्माले फाइदा गर्छ भन्ने विश्वस्त आधारहरू स्थापित भइसकेको भने थिएन ।

**अगस्त २५ :** कोरोना संक्रमणबाट निको भइसकेको व्यक्तिमा पुनः संक्रमण देखापरेको रिपोर्ट आयो । यसले कोरोनाविरूद्ध मानिसमा पैदा भएको प्रतिरोधी क्षमता कतिन्जेल टिक्न सक्ला भन्ने चिन्ता–चासो पैदा गराइदियो ।

**सेप्टेम्बर २८ :** कोभिड–१९ का कारण संसारभरि १० लाखभन्दा बढी मानिसहरूको मृत्यु। तीमध्ये ४० प्रतिशत मृत्यु त तीनवटा मुलुक अमेरिका, ब्राजिल र भारतमा मात्रै भएको थियो।

**अक्टोबर २ :** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा आफू कोरोना संक्रमित बनेको ट्वीटमार्फत् जानकारी । उनलाई अस्पताल भर्ना गरेर रेम्डेसिभिर, डेक्सामेथासोन र एउटा प्रयोगात्मक चरणमा रहेको एन्टिबायोटिकको प्रयोग गरेर उपचार शुरू ।

**अक्टोबर २२ :** कोभिड–१९ को उपचारमा प्रयोग गर्नका लागि एफडीएको पूर्ण स्वीकृति पाउने पहिलो औषधी रेम्डेसिभिर बन्यो । त्यसको एक हप्ताअघि मात्रै विश्व स्वास्थ्य संगठनले चाहिँ एक अध्ययनको आधारमा रेम्डेसिभिरले कोभिड–१९ का कारण हुने मृत्यु नघटाउने दावी गरेको थियो ।

**अक्टोबर २३ :** अमेरिकामा मृत्यु हुनेहरूमध्ये अधिकांश काला र हिस्पानिक जातिको रहेको अध्ययन रिपोर्टहरू प्रकाशित भए । मेदेखि अगस्त महिनासम्ममा कोभिड–१९ का कारण अमेरिकामा मृत्यु हुनेहरूमा हिस्पानिक वा ल्याटिनो मानिसहरू २४.२ प्रतिशत थिए भने काला जातिहरू १८.७ ।

**नोभेम्बर ९ :** तेस्रो चरणको परीक्षणबाट प्राप्त प्रारम्भिक तथ्यहरूका आधारमा फाइजर कम्पनीले आफ्नो खोप ९० प्रतिशत प्रभावकारी भएको दावी गर्यो । त्यसपछिका नतिजाहरूले सो खोप ९५ प्रतिशतसम्म प्रभावकारी रहेको देखायो। तर यो खोप–७० डिग्रीभन्दा कम तापक्रममा भण्डारण गर्नुपर्ने कुरा पनि प्रकाशमा आयो । उता एफडीएले एली लिली कम्पनीले तयार गरेको मोनोक्लोनल एन्टीबडी थेरापीलाई कोरोनाको उपचारमा प्रयोग गर्न अनुमति प्रदान गर्यो । यो एन्टिबायोटिकले नयाँ संक्रमितहरूमा भाइरस फैलिन नदिई त्यसको संख्या कम गराउने तथा उनीहरूलाई अस्पताल भर्ना गर्नुपर्ने अवस्थाबाट बचाउने देखिएको थियो।

**नोभेम्बर १६ :** खोपको दौडमा रहेको मोर्डनाले पनि आफ्नोखोप ९५ प्रतिशत प्रभावकारी रहेको दावी गर्यो ।

**नोभेम्बर २० :** फाइजरले आफ्नो खोपलाई अनुमति प्रदान गर्नको लागि एफडीएमा निवेदन दियो । त्यसको १० दिनपछि मोर्डनाले पनि त्यस्तो निवेदन हाल्यो ।

**नोभेम्बर २३ :** बेलायती खोप एस्ट्राजेनेका पनि ६२ देखि ९० प्रतिशत प्रभावकारी रहेको रिपोर्ट प्रकाशमा आए ।

**डिसेम्बर २ :** बेलायतले फाइजर खोपलाई आपतकालीन प्रयोगका लागि अनुमति प्रदान गर्यो। यतिन्जेल संसारभरिमा ६ करोड ४० लाख बढी संक्रमित तथा १४ लाख मानिसको निधन भइसकेको छ ।

यी त भए मुख्य घटनाक्रमहरू । त्यसबाहेक, युरोपमा कोरोनाभाइरसका नयाँ लहरहरू देखापरेका छन् । युरोपका कतिपय मुलुकहरू लकडाउनमा फेरि फर्कन थालेका छन् भने कोरोनाभाइरस रोकथामका लागि पुनः कडाइहरू तथा कर्फ्यूहरू लागू गर्न थालिएको छ। जर्मन चान्सलर एन्जेला मर्केलले क्रिसमसको बेलामा कडा लकडाउनमा जानुपर्ने बताइसकेको छ। नयाँ वर्ष र क्रिसमसलाई ध्यानमा राख्दै युरोपका थुप्रै देशहरूमा आवातजावात तथा हिंडडुलमा कडा प्रतिबन्धहरू लागू गर्न थालिएको छ ।

रूसमा आम जनतामा खोपको प्रयोग थालिइसकेको छ । चीनमा निर्मित खोपलाई युएईले सार्वजनिक रूपमा प्रयोग गर्न शुरू गरेको छ । क्यानडा फाइटर कम्पनीको खोपलाई सार्वजनिक प्रयोगको लागि अनुमति प्रदान गर्ने तेस्रो देश बनेको छ । भारतले पनि आगामी केही हप्तामा खोपको सार्वजनिक प्रयोग गर्ने भएको छ। अमेरिकामा कोरोनाको कहर थामिएको छैन। अस्पताल भर्ना हुनेहरूको संख्या अचाक्ली बढेर गएको छ । अस्पतालका बेडहरू भरिन थालेका छन् ।

मुख्य कुरा, कोरोनाविरूद्ध भटाभट खोपहरू बन्न खालेका छन् । यो अत्यन्तै सुखद पक्ष रहेको छ । विशेषतः विगतमा कुनै पनि खोपहरू बन्न र प्रभावकारी साबित हुनका लागि वर्षौं लाग्ने गरेको थियो । तर अहिले कोरोनाभाइरस संक्रमण देखापरेको एकवर्षभित्रमै जसरी खोप बनेको छ र प्रारम्भिक नतिजाहरू प्रभावकारी देखिएको छ, एक हिसाबले त्यो स्वास्थ्य विज्ञानमा ठूलो क्रान्ति नै हो । तर पनि मुख्य सवाल भनेको खोप बन्नु मात्रै हैन, त्यो खोप आम रूपमा कतिको प्रभावकारी हुन्छ र त्यसले रोगविरूद्धको लडाइमा आममानिसहरूमा कस्तो किसिमले प्रतिरोधी क्षमताको विकास गराउँछ, त्यो कति दीगो हुन्छ भन्ने पनि हो । फेरि जाडो मौसम आउँदैछ । यो स्थितिमा यस अहिलेसम्म सम्पूर्ण रूपमा बुझ्न नसकिएको, अत्यन्तै 'छलिया' प्रकृतिको, संसारभरि नै आम मानिसले गम्भीर रूपमा लिन नचाहेर जनस्वास्थ्यको नियमको पालनामा घोर लापरवाही गरिरहेको स्थितिमा सार्स–कोभ–२ ले आगामी दिनमा कस्तो खालको वितण्डा मच्चाउने हो ? त्यो थाहा पाउनका लागि पनि कुर्नुको कुनै विकल्प छैन । *सा. रातोपाटी डटकम*

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, बिसापानी डुङ्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, बिसापानी डुङ्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल | : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल, दमैली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
बेसुरमा बोल्ने बानीले दुःख पाइनेछ। विशेष योजना सार्वजनिक नगर्नुहोला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
केही खर्च लागे पनि मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
आकर्षक उपहारले उत्साह जगाउनेछ । भैपरी आउने समस्या समाधान हुनेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । प्रतिस्पर्धामा पनि विजयी भइनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
छोटो समयमा उपलब्धि हातलागी हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश चिताएको काम रोकिन सक्छ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ । स्वास्थ्यले त्यति साथ नदिने समय छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अध्ययनमा त्यति समय दिन नसकिएला । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल प्राप्त हुनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
चुनौतीभित्र अवसर खोज्ने समय छ । जटिल काममा जुट्नुपरे पनि लाभांश प्राप्त हुनेछ ।



**वृद्धवृद्धासंग जन्मदिन :** तनहुँको व्यास नगरपालिका-१२ देउरालीका १२ वर्षीय अञ्चल थापा व्यास-५ स्थित वेदव्यास वृद्धआश्रममा आफ्नो जन्मदिन मनाउँदै । जन्मदिनको अवसरमा उनले आश्रम सञ्चालकलाई खाद्यन्न सामाग्रि, केही नगद समेत सहयोग गरेका छन् ।

*तस्विर : निशा थापा मगर/भञ्ज्याङ*

# बाइडेनको जीत अस्विकार गर्ने मुद्दा सर्वोच्चद्वारा खारेज

♦ **रासस/एपी** (वासिंटन)

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपतिय निर्वाचनको मत परिणामलाई अस्विकार गर्दै दायर गरेको मुद्दा खारेज भएको छ । अमेरिकाको सर्वोच्च अदालतले मुद्दामा पर्याप्त प्रमाण र आधार नभएको भन्दै शुक्रबार ती मुद्दा खारेज गरिदिएको हो । प्रमुख चार प्रतिस्पर्धात्मक राज्यको चुनावी नतिजा खारेज गर्न उहाँले गरेको मागलाई अदालतले अस्विकार गरिदिएको छ। टेक्सास, जर्जिया, मिशिगन, पेन्सिल्भानिया र विस्कन्सिन राज्यको नतिजालाई अमान्य घोषणा गर्न यसै साता मुद्दा दायर गरिएको थियो ।

अदालतको यो आदेशले राष्ट्रपति ट्रम्पलाई फेरी अर्को धक्का दिएको छ । उहाँले गत नोभेम्बर ३ तारिखका दिन भएको निर्वाचनमा धाँधली भएको दाबी गर्दै आउनु भएको छ ।

त्यसप्रति असन्तुष्टि जनाउदै उहाँले विभिन्न राज्यका अदालतमा मुद्दा दायर गर्नुभएको थियो । ती अदालतले पनि ट्रम्पको मागलाई अस्विकार गर्दै आएकोमा सर्वोच्च अदालतले पनि त्यसैसँग मिल्ने निर्णय गरेको हो । प्रतिश्पर्धी जो बाइडेनले निर्वाचनमा जीत हासिल गर्ने संकेत देखिए लगत्तै उहाँले नतिजा अस्विकार गर्ने संकेत गर्नुभएको थियो ।

सबै अदालतले उहाँको मागलाई अस्विकार गरेपछि पद हस्तान्तरण गर्नुको विकल्प उहाँसँग छैन । उहाँले आगमी जनवरी २० तारिखका दिन राष्ट्रपतिमा नवनिर्वाचित वाइडेनलाई पद हस्तान्तरण गर्नु पर्नेछ ।


## खहरेतरा टोल सरोकार समितिको सुचना

पोखरा महानगरपालिका वडा नं. ३३ तल्लोपुँडीटारमा रहेको **भुलभुला आधारभुत विद्यालयले २०४६ सालमा वितरण गरेको जग्गाका चिराधनीहरूबीच विशेष छलफल** गर्नुपर्ने भएको हुँदा समितिको निर्णय अनुसार यहि **पौष १ गते** बैठक बस्ने भएकाले विद्यालयसंग जग्गा लिने सम्पूर्ण जग्गाधनीहरूलाई **पोखरा महानगरपालिका-३३ तल्लोपुँडीटार खहरेतरा**मा आफ्नो सम्पूर्ण कागजपत्र सहित अनिवार्य उपस्थितिका लागि **हार्दिक अनुरोध** गर्दछौं ।

**मिनबहादुर महत**
अध्यक्ष
**खहरेतरा टोल सरोकार समिति**
**थप जानकारीका लागि सम्पर्क :** ९४६००१६८, ९८१७१०४९८४


# आलुमा आत्मनिर्भर ........

ज्ञान पूर्ण निःशुल्क दिन्छौं ।' आधुनिक यन्त्र उपकरणमा अनुदानको व्यवस्था गरिएको उनले बताए । कार्यक्रमले आलु उत्पादन बढाएर आयात घटाउने पण्डितको भनाइ छ । गत वर्ष पनि यो वडामा उल्लेख्य मात्र आलु उत्पादन भएको थियो ।

यसपटक त झन सरकारले नै आलुखेतीमा सघाएपछि किसान उत्साहित भएका छन् । यहाँका कृषकले सामूहिक र व्यक्तिगत तरिकाले आलुखेती गरेका छन् । 'हेपिएको कृषिलाई सरकारले प्राथमिकता दिनु सकारात्मक पक्ष हो । बीउबिजन र यान्त्रिकीकरणमा पाएको अनुदानले कृषकलाई उत्साहित बनाएको छ', उक्त वडाका अध्यक्ष कृष्णप्रसाद रेग्मीले भने, 'अब उत्पादन भएको आलुको बजार र मूल्यको ग्यारेण्टीका लागि पनि पहल गर्दैछौ ।'

सस्तोमा बेच्दा श्रमको मूल्य नउठाएकाले चिस्यान केन्द्र निर्माण शुरू भएको छ । चिस्यान केन्द्र निर्माणका लागि संघीय सरकारले एक करोड रूपैयाँ बजेट पठाएको छ । 'यही आर्थिक वर्षमा चिस्यान केन्द्र सञ्चालन गर्नेछौं । अहिले किसानले लगाएको आलुलाई चिस्यान केन्द्रमा राख्ने गरी बनाउन लागेका थियौं, तर कोरोनाले गर्दा प्रभावित भयो', उनले भने, 'तर पनि वडाका किसानले उत्पादन गरेको आलु चिस्यान केन्द्रसम्म पुर्‍याउन ढुवानीको व्यवस्था गर्नेछौं।' चिस्यान केन्द्रसम्म लैजाने आलु ढुवानीका लागि दुई लाख रूपैयाँ बजेट विनियोजन गरिएको रेग्मीले बताए ।


त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त

## आदिकवि भानुभक्त क्याम्पस

विश्वविद्यालय अनुदान आयोग, नेपालबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) मान्यता प्राप्त
व्यास-१, विज्ञानचौर, भादगाउँ, तनहुँ । फोन : ०६५-५६००९६

### BBA प्रवेश परीक्षा CMAT को तयारी कक्षामा भर्ना सम्बन्धी सूचना

यस क्याम्पसमा **Bachelor of Business Administration** वी.वी.ए.मा नयाँ भर्ना हुन चाहने **कक्षा १२** को परीक्षा दिएर बसेका विद्यार्थीहरूका लागि **CMAT** तयारी कक्षा **मिति २०७७ पौष ०५ गते**बाट सञ्चालन हुने हुँदा इच्छुक विद्यार्थीहरूले समयमा नै भर्ना गरी आफ्नो सिट सुरक्षित राख्नका लागि सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**थप जानकारीका लागि :** आदिकवि भानुभक्त क्याम्पसमा सम्पर्क राख्नुहोला
**सम्पर्क फोन नम्बर :** ०६५-५९००९६, ०६५५६३९४६, ९८४६२४३४१०, ९८५६०७९८५८, ९८४६२७४३४०

**क्याम्पस प्रमुख**



## कोरोना भाइरस (कोभिड-१९) का विषयमा सर्वसाधारणको लागि जनचेतनामुलक सन्देश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु

ज्वरो (१००.४ F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

### नोवेल कोरोना भाइरसबाट कसरी आफु र अरुलाई बचाउने ?

नियमित रुपमा साबुन पानीले हात धुने
खोक्दा र हाछ्यु गर्दा नाक र मुख छोप्ने ।
फ्लु जस्तो लक्षण (Flu like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने ।

नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखमा, स्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

### कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु

१. सिनेमाहल २. अस्पताल ३. विद्यालय, कलेज
४. सपिङ मल ५. सार्वजनिक यातायात ६. वृद्धाश्रम
७. व्यस्त गल्ली ८. सभा, जुलुस भएका स्थान
९. होटेल रेष्टुराँ १०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।

काम नपरे सम्म यस्ता स्थानहरुमा नजाऔं ,जान परे मा मास्क हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछी घर वाहिर वा अलग कोठामा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा , बैठक कोठामा जाने गरौं ।

### कसरी सर्छ कोरोना भाइरस

१ खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३ राम्रोसँग नपाकेको माछा तथा पशुपंछीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।

नोवेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यस भाइरले सामान्य रुघाखोकी देखी गम्भीर प्रकारको तीव्र स्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखीममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अबलम्वन गर्नआम जनसमुदायमहरुमा हार्दिक हनुरोध गर्दछौं ।

**भानु नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
फुस्रेटार, तनहुँ ।



## मिर्लुङ पोलीक्लिनिक प्रा.लि.को स्वास्थ्य सम्बन्धी सूचना

**समाजिक दुरी कायम गरी उपचार सेवा दिइने छ ।**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक बिरामी जाँच, प्याथोलोजी (Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c, RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पूर्ण जाँच । Vedio X-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ। सामाजिक दुरी कायम गरि उपचार गरिने छ ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५



वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
तपाई जहाँ भएपनि अब हामी तपाईंकै साथ र हातमा
भञ्ज्याङ राष्ट्रिय दैनिक
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ मंसिर २८, आइतबार
December 13, 2020

# सरकारको प्रवृत्तिको विरोधमा कांग्रेस तनहुँले विरोध गर्ने

♦ भञ्ज्याङ समाचारदाता (दमौली)

नेपाली कांग्रेस तनहुँले सरकारविरुद्ध मंसिर २९ गते दमौलीमा विरोध प्रदर्शन गर्ने भएको छ । कांग्रेसले यस दिन देशैभर विरोध सभा गर्दै छ । यसै सन्दर्भमा कांग्रेस तनहुँले पनि सदरमुकाम दमौलीमा विरोध सभा गर्ने तयारी गरेको हो । विरोध सभाका विषयमा जानकारी गराउने उद्देश्यले शनिवार पत्रकार सम्मेलन गरी केन्द्रिय कार्यसमितिको आह्वानमा जिल्ला स्थित १० वटै स्थानीय तहका नेता कार्यकर्ताको सहभागीतामा विरोध सभा लागिएको तनहुँका कार्यवाहक अध्यक्ष जितप्रकाश आलेले बताए ।

सरकारले प्रतिपक्षीलाई पटक पटक गरेको दमनकारी व्यवहार, विभेद र पक्षपातको विरोधमा सर्वसत्तावाद विरुद्ध विरोध सभा आयोजना गरेको आलेले बताए । शक्तिको दुरूप्रयोग गरी लोकतन्त्रको पक्षमा लामो समयदेखि संघर्ष गर्दै आएको पार्टीलाई सरकारले पटक पटक आक्रमण गरेको आलेले कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र जिल्लाका नेता कार्यकर्ता माथि प्रशासनले गरेको व्यवहारको




आरोप लगाएका छन् ।

त्यस्तै नेपाली कांग्रेसका सभापति बैकुण्ठ न्यौपानेले वर्तमान सरकारको आन्तिरक विवादका कारणले बिचमै संसद अन्त्य भएको भन्दै हाम्रो विरोध संसदको सञ्चालन र अधिनायकवादको विरूद्धमा भएको जनाए। सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रको मुल्य मान्यता बमोजिम काम गरेको छैन जसकारण मुलुकमा अहिले राजा आउ देश बचाउका नारा गुञ्जिन पुगेको सभापति न्यौपानेले बताए ।

सरकारको प्रवृति अहिले प्रतिगमनकारी तत्वहरूलाई प्रोत्साहन गर्ने खालको भएको चर्चा गर्दै न्यौपानेले यसको विरूद्धमा प्रत्येक सचेत नागरिक लाग्नुपर्ने बताए । मंसिर १७ गते नेपाली प्रसंग जोड्दै न्यौपानेले भने पुल उद्घाटनको विषय समान्य हो तर प्रवृत्ति गलत थियो अहिलेको हाम्रो विरोध पनि त्यही प्रवृत्ति विरूद्ध नै हो ।

त्यस्तै देशभरि एकसाथ विरोध सभा गर्नुको अर्को उद्देश्य पार्टी भित्र एकता र हार्दिकता कायम गर्न पनि भएको पार्टी सचिव विश्व बास्तोलाले बताएका छन् । भ्रष्टाचारीको संरक्षणमा सक्रिय सरकारको सबै स्तरबाट विरोध हुन आवश्यक रहेको समेत उनले बताए । दमौलीमा हुने विरोध सभालाई नेपाली कांग्रेसका केन्द्रीय सदस्य मिनेन्द्र रिजालले सम्बोधन गर्ने र उक्त सभामा जिल्लाका करिब १० हजार कार्यकर्ता उतार्ने तनहुँ कांग्रेसले जनाएको छ ।

# राजसंस्थाको माग गर्दै मोटरसाइकल र्‍याली

♦ भञ्ज्याङ समाचारदाता (दमौली)

राजसंस्थाको माग गर्दै तनहुँको दमौलीमा मोटरसाइकल र्‍याली गरिएको छ । राजसंस्था र हिन्दू राज्यका पक्षमा देशैभर भैरहेका



प्रदर्शन अन्तरगत तनहुँका युवाले पनि मोटरसाईकल र्‍याली निकालेका हुन् । राजसंस्था तथा हिन्दू राज्यका पक्षधर युवाहरूको एक समूह राष्ट्रवादी अभियान तनहुँले दमौली स्थित अनशन चौताराबाट शुरु गरेको र्‍यालीमा सैयौंको संख्यामा युवाहरूको सहभागिता थियो ।

तनहुँको दमौली, दुलेगौडा, डुम्रे, थर्पु लगायतका बजार क्षेत्रबाट आएका युवाले नेपालको झण्डा बोकी राजसंस्थाको पुनःबहाली, हिन्दु राज्यका पक्षमा नारा लगाएका थिए । अधिकांश युवाको सहभागिता रहेको उक्त र्‍यालीमा संघीयताको खारेजीको पनि माग गरेका थिए। र्‍यालीको नेतृत्व गरेका स्थानीय उज्वल भट्टराईले जिल्लाभरबाट सोचेभन्दा बढि युवाहरूको सहभागीता रहेको दाबी गरेका छन् । आयोजकले करिब दुई सयको हाराहारिमा मोटरसाइकल र्‍यालीमा सहभागि हुने अनुमान गरेपनि केही गुण बढि युवाहरूको सहभागिता रहेको आयोजकहरूले बताएका छन् ।

अहिलेको राजनैतिक अवस्थाप्रति असन्तुष्टिका रूपमा युवाको सहभागीता उल्लेख्य भएको कार्यक्रम आयोजकका अगुवा विनोद घर्तीले बताएका छन् । दमौली स्थित अनशन चौतारीबाट शुरु र्‍याली बजारका विभिन्न भाग, भादगाउँ, हाईस्कूलटार हुँदै दमौलीमा आएर टुंगिएको थियो । स्वतःस्फूर्त रूपमा झण्डै एक हजारको संख्यामा युवाहरूको सहभागी हुनुले राजसंस्थाका पक्षमा माहोल बनेको आयोजकको दाबी छ ।

# हाम्रो बचतमा अधिकारी

♦ भञ्ज्याङ समाचारदाता (डुम्रे)

तनहुँको बन्दिपुर गाउँपालिका-१ डुम्रे बजार स्थित हाम्रो बचत तथा ऋण सहकारी संस्था नयाँ कार्यसमित चयन गरेको छ। सहकारीको १३औं वार्षिक



साधारणसभा तथा पाँचौं अधिबेशनले परशुराम अधिकारीको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

सहकारीको उपाध्यक्षमा ओम कुमार श्रेष्ठ, सचिव अनिल प्रजापति, कोषाध्यक्ष अर्जुन श्रेष्ठ सदस्यहरूमा सुजन श्रेष्ठ, दिपेश बानिया, अर्जुन कुमार श्रेष्ठ, विशाल श्रेष्ठ, दिपक कुमार श्रेष्ठ चयन भएका छन् ।

यस्तै, कृष्ण कुमार श्रेष्ठ संयोजक राजु श्रेष्ठ र राजकुमार श्रेष्ठ रहने गरी तीन सदस्यीय लेखा समिति गठन गरिएको सहकारीका व्यवस्थापक अर्णमान श्रेष्ठले जानकारी गराए । उक्त सहकारीको अधिवेशन समारोहलाई सम्बोधन गर्दै बचत तथा ऋण सहकारी संघ तनहुँका अध्यक्ष देवी बहादुर बस्नेतले सहकारीहरू आफ्नो उद्देश्य र कार्यविधि अनुसरा चल्नुपर्ने बताए। उनले सानो लगानिमा सञ्चालित व्यवसायको प्रवर्द्धन तथा वचतका विषयमा सहकारीले महत्वपूर्ण भुमिका खेल्नुपर्ने बताएका थिए ।

# नेकपा विवाद : स्थायी कमिटीमा ............

गर्दै पूर्वमन्त्री विष्टले भन्नुभयो, "संस्थागत विधि र पद्धतिबाट पार्टी र सरकारलाइ सञ्चालन गरी देश, जनता र आम कार्यकर्ताको भवनालाई सम्बोधन गर्ने दायित्व हामी सबैको हो, विवादको समाधानमा स्थायी कमिटीका सदस्यहरूले आफ्नो भूमिका प्रदर्शन गर्नै नै छन् ।" स्थायी कमिटीका अर्का सदस्य गणेश साह पनि पार्टीभित्र सैद्धान्तिकभन्दा पनि एकले अर्को नेतालाई गर्ने निषेध र भागबण्डा (लेनदेन) को विवाद अहिलेका लागि मुख्य विवाद भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "मैले पहिला देखि भन्दै आएको छु, शीर्ष नेताहरूको लेनदेन मिलेपछि यस्तो विवादको अन्त्य हुन्छ, त्यसका लागि एकले अर्काको अस्तित्वलाई स्वीकार पनि गर्न सक्नुपर्छ ।" पूर्वमन्त्री साहले नेकपालाई विभाजनको तहमा लान नहुनेमा जोड दिनुभयो ।

यही मङ्सिर २१ गतेदेखि शुरु भएको नेकपा स्थायी कमिटीको बैठकमा दुवै अध्यक्षले प्रस्तुत गरेको लिखितपत्र (प्रस्ताव) बारे कार्यसूचि बनाएर छलफल गर्ने या दुवैबाट साझा प्रतिवेदन बनाउने भन्नेमा नेताहरूबीच अनौपचारिक गृहकार्य भइरहेको छ । प्रधानमन्त्री ओलीले पार्टीमा आफूविरुद्ध प्रस्तावका नाममा अभियोगपत्र वितरण गरिएको जिकिर गर्दै त्यसका छलफल हुन नसक्ने भएकाले स्थायी कमिटीले विवेकपूर्ण निकास दिने सन्देशस सिहतको पत्र स्थायी कमिटीको बैठकलाई पठाउनुभएको थियो ।

गत कात्तिक २८ गते अध्यक्ष दाहालले प्रस्तुत गर्नुभएको प्रस्तावले पार्टीभित्र असामान्य अवस्था सिर्जना भएको तथा पार्टीभित्रको नीतिगत बहसलाई शत्रुतापूर्ण अन्तरविरोधमा रूपान्तरित गरेको अध्यक्ष ओलीको भनाइ छ । "पार्टी विधान मात्रै होइन, राज्यका संविधान र कानूनसमेत आकर्षित हुने प्रकृतिका सङ्गीन फौजदारी आक्षेपसमेत लगाइएको उक्त अभियोगपत्रमाथि बैठकमा कुनै छलफल हुन नसक्ने मान्यता मैले सचिवालयका बैठकमा राखिसकेको छु, पार्टीलाई सहज र स्वस्थ वातावरणमा फर्काउने हो भने उक्त लिखत निःशर्त फिर्ता हुनुपर्ने मेरो मान्यता यथावत् छ", अध्यक्ष ओलीको पछिल्लो पत्रमा भनिएको छ, "एकीकरणका बाँकी काम पूरा गर्ने, महाधिवेशनको तयारी गर्ने र कोभिडविरूद्धको लडाईलाई प्रभावकारी बनाउने विषयमा केन्द्रित भएर बैठकका कार्यसूची निर्धारण र ठोस प्रस्तावसहित पर्याप्त तयारीका साथ बैठकमा जानुपर्छ भन्ने भनाइ पनि मैले स्पष्ट पारिसकेको छु ।" अध्यक्ष ओलीले आफूलाई स्थायी कमिटीका सदस्यको सामूहिक विवेकमाथि विश्वास रहेको र गत भदौ २६ गते उक्त कमिटीले पार्टीलाई यस्तै संकटबाट सकुशल अवतरण गराएको स्मरण पनि गर्नुभएको छ ।

उक्त स्थायी कमिटीले अध्यक्ष ओली सरकारको काममा केन्द्रित हुने र अध्यक्ष दाहाल पार्टीको काममा केन्द्रित भई कार्यकारी अध्यक्षको भूमिकामा रहने कार्यविभाजनको प्रस्ताव पारित गरेको थियो । सोही बैठकले आगामी चैत २५ देखि ३० गतेसम्म महाधिवेशन हुने तय गरेको थियो। तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच २०७५ जेठ ३ मा एकता भई निर्मित नेकपाको एकतापछि पहिलो महाधिवेशन हुन लागेकाले नीति, विचार र नेतत्वबारे बहस शुरु भएको हो ।

स्थायी कमिटीको निर्णय कार्यान्वयनका लागि गत भदौ २९ गतेका अध्यक्षद्वय ओली र दाहालले अन्तरपार्टी निर्देशन (अपानि)-५ जारी गरी पार्टी एकताको महत्वलाई आत्मसात् गर्ने, पार्टीमा पद्धति र संस्थागत प्रणालीलाई सबल बनाउने, एकताका बाँकी काम सम्पन्न गर्ने, राजनीतिक तथा सांगठनिक क्षेत्रमा पुनः कार्यविभाजन लगायतका काम गर्ने, चुनावी घोषणापत्रानुसार सरकारका कामलाई प्रभावकारी बनाउने, सहमति तथा संवैधानिक र कानूनी प्रबन्धका आधारमा संघ र प्रदेश मन्त्रिपरिषद्मा पुनःगठन गर्ने आदि विषय उल्लेख गरिएको थियो । रासस

## facebook twitter



**दुर्गा सापकोटा**
twitter.com/SapkotaSubedi
जीवनमा सधैं जित्ने मान्छे मात्र महान बन्ने होइन, समय र परिस्थिति अनुसार हार्नुपनि पर्छ भन्ने कुराको ज्ञान हुने मान्छे मात्रै पछि गएर महान बन्ने गर्छन किनकी जो व्यक्ति'घमण्ड र अंहकार' त्याग्न सक्छ उसलाई जिन्दगीको हर पाइलामा सफलता मिल्छ ।



**करुणा**
twitter.com/karunakcdotel12
हामी कहिल्यै अर्कोपटक त्यो हुनेछैनौं जो पूर्व एकपटक भईसकेका हुन्छौं नित्य-निरन्तर र परिवर्तनीय, प्रकृति को यही सिद्धांत हो, बित्यो जो, कहिल्यै फर्केर आउने छैन। र सत्य यो पनि हो कि, यहाँ हरेक कूरा अस्थायी छ, माया-प्रेम, व्यक्ति, समय र स्वयं हामी पनी



**बिरोजी**
twitter.com/Rose807572201
जीवनमा जब अरूको आश गर्न छोड्नु हुन्छ नी तब मात्र प्रगति हुन्छ । यदि अरूको आश र भरोसामा जिउन थाल्नु हुन्छ भने नोकरको जीवन पाउनुहुनेछ त्यसैले आजै बाट छोड्नुहोस् भोलि पछुताउन भन्दा आजै जोगिएको राम्रो ।



**सुशी गौतम**
twitter.com/susigtm
सुन्दरताको कमि, "स्वभावले पूरा गर्न सक्दछ" तर स्वभावको कमि, "कदापि सुन्दरताले पूरा गर्न सक्दैन" त्यसैले कसैमा सुन्दरता होइन, स्वभाव खोज्ने गर्नुस..



**सागर जी**
twitter.com/GimreSgr
एकछिन सोच्नुहोस् र मनन गर्नुहोस् । एकदिन,एकक्षण नै पर्याप्त हुनेछ । एउटा जिन्दगी जिउनलाई, पछाडि नहेर्नुहोस्, विगतलाई नसम्झिनुहोस् किनकी बिगत बितिसक्यो फर्केर आउदैन, भबिस्यको बारेमा चिन्तित नहुनुहोस्, किनकी त्यो अझै आइसकेको छैन् । दुबै साथमा हुदैनन्, सोच्नुहोस् दुबै अन्त्य भयो ।

# मुलुकको समृद्धिको आधार ........

अव्यवस्थित बसोवासिको समस्या समाधान गर्ने साझा धारणा रहेको उल्लेख गर्दै मन्त्री अर्यालले न्यायमा आधारित भएर पीडित पक्षलाई प्राथमिकतामा राखेर काम गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले राज्यको सम्पत्ति प्रयोग गर्ने सवैको समान दायित्व भएको बताउँदै प्राकृतिक श्रोत र साधनको उपयोगमा एकरूपता हुनु पर्ने बताउनुभयो । राज्यलाई आर्थिक भार नपार्ने गरि दायित्व पूरा गर्ने काममा स्थानीय तहले आयोगलाई सहयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले अव्यवस्थित बसोबासि तथा सुकुम्वासी समस्या समाधानका लागि तीनै तहका सरकार सहित सवैको साथ र सहयोगको आवश्यकता औंल्याउनुभयो ।

ग्रामीण क्षेत्रमा निर्माण गरिने घरको पनि नक्सा बनाउने व्यवस्था भएमा त्यसैको आधारमा विकास निर्माणसँगै अन्य व्यवस्थापनमा समेत सहयोग पुग्नेमा उहाँको जोड थियो । भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले लिपिया धुरा सहितको नयाँ नक्सा प्रकाशन र पहिलो पटक सगरमाथाको उचाई मापन गरेर महत्वपूर्ण काम गरेको बताउँदै उहाँले अब नेपालको कूल भूभागको समेत अध्यावधि गरिनु पर्नेमा जोड दिनुभयो ।

भूमि सम्वन्धी समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष देवीप्रसाद ज्ञवालीले कानूनीरूपले सम्पन्न आयोगले मुलुकमा पूर्णरूपले अव्यवस्थित र सुकुम्वासी समस्याको समाधान गर्ने गरि काम भई रहेको जानकारी दिनुभयो । पहिलो चरणमा मुलुकका १८७ पालिकामा आयोगले काम शुरू गरिने बताउँदै उहाँले भन्नुभयो यस अघि प्रदेश नं. १, २, वागमती र गण्डकीमा स्थानीय तहसंग सम्झौता भईसकेको छ भने लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशमा निकट भविष्यमा सम्झौता गर्ने कार्यक्रम रहेको छ । पूर्वमन्त्री तथा प्रतिनिधि सभा सदस्य खगराज अधिकारीले आयोगको सकृयताले मुलुकमा कोही पनि सुकुम्वासी नरहने विश्वास व्यक्त गर्नुभयो ।

गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री लेखबहादुर थापाले मुलुकबाट सुकुम्वासी समस्या समाधानका लागि प्रदेश सरकारले संघ र स्थानीय सरकारसंग समन्वय र सहकार्य गरेर अघि बढने विश्वास व्यक्त गर्नुभयो । आयोगका केन्द्रीय सदस्य भीम कार्कीले गण्डकी प्रदेशका ३८ स्थानीय तहसंग शनिबार सम्झौता आदान प्रदान गरिएको बताउँदै आयोगले सुकुम्वासीका लागि रातो र अव्यवस्थित बसोवासिलाई सेतो रङका छुट्टाछुट्टै फारम तयार गरेको जानकारी दिनुभयो । कार्यक्रममा आयोगका केन्द्रिय सदस्य एकबहादुर राना, आयोगका सचिव वसन्त पन्थी लगायतले आयोगले गरेका गतिविधि एवं भावि कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो ।

खाना तयार गर्दा सुरक्षित स्वच्छ पानी र कच्चा पदार्थहरूको प्रयोग गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४